चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ

☎फोन नं.: ०६६- ४४०१७०
फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np

गण्डकी प्रदेश, नेपाल

## मिति २०७६।०८।१८ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

निर्णयहरु

१. नेपाल सरकारले स्थानीय तहकाको कर्मचारी दरवन्दी स्वीकृतिका लागि प्रस्ताव गरी पठाएकोमा यस गाउँपालिकाका लागि प्रस्तावित दरबन्दी बढी हुने जस्तो देखिन आएकोले संगठन तथा व्यवस्थापन सर्भे गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई आवश्यक बजेटका लागि चामे गाउँपालिकाको बजेट उपशीषर्कको खर्च शीर्षक ३१५११ भैपरी आउने पूँजीगत खर्चमा विनियोजन भएको बजेट रु. ३६०१०००।- मा नेपाल सरकार-समानीकरण अनुदान तर्फ रु. ७,६८,०००।- र प्रदेश सरकार-समानीकरण अनुदान तर्फ रु. २८,३३,०००।- मध्ये नेपाल सरकार-समानीकरण अनुदानमा घटाई खर्च शीर्षक ३११३५ पूँजीगत परामर्श खर्चमा रु. १,५०,०००।-व्यवस्था गर्ने गरी प्रकृया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

२. नेपाल सरकार, सर्शत अनुदान तर्फ आ.व. २०७६/२०७७ को वार्षिक कार्यक्रमको राष्ट्रिय युवा परिषद् अन्तर्गतको एक स्थानीय. तह एक वडा एक युवा क्लव एक उद्यम शीर्षकमा विनियोजित वजेट मध्यबाट एक वडा २ युवा समावेश हुने गरी खानेपानी टेक्निशेनको तालिम सञ्चालन गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई प्रकृया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

३. चामे गाउँपालिकाका सम्पूर्ण पदाधिकारीलाई नगर प्रशिक्षण केन्द्र, पोखराले आ.व. २०७६/२०७७ मा प्रस्ताव गरेका तालिम मध्ये उपयुक्त हुने तालिम चामे गाउँपालिकाको संयुक्त आयोजनामा पोखरामा सञ्चालन गर्ने निर्णय गरियो ।

४. चालु आ.व. २०७६/२०७७ को पहिलो चौमासिकसम्म भए गरेको कामको भौतिक तथा वित्तीय प्रगती समीक्षा गर्दै चामे गाउँपालिकाको बास्तविक आय रु. ५,९६,३६,४१८.२६ (वित्तीय समानिकरण, राजस्व बाँडफाँड, आन्तरिक आय र गत वर्षको मौज्दात) प्राप्त भएको र चालु खर्च तर्फ रु. १,५४,५२,४४७।६४ तथा पूँजीगत खर्च रु. १४,८०,०००।०० गरी जम्मा रु. १,६९,३२,४४७।६४ खर्च भएको रकम अनुमोदन गर्ने निर्णय गरियो ।

५. नेपाल सरकारले प्रस्ताब गरी पठाएको चामे गाउँपालिकाको दरबन्दी अनुसार रित्त रहेको पदमा लोक सेवा आयोगले पहिलो चरणमा विज्ञापन गर्दा छुट भएकोमा अन्य स्थानीय तहमा विज्ञापन भई पदपूर्तिको लागि सिफारिसको काम अन्तिम चरणमा पुगेको हुँदा बढी हुने कर्मचारी यस गाउँपालिकाका लागि माग गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र लोक सेवा आयोगलाई अनुरोध गर्ने गरी प्रकृया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई आदेश दिने निर्णय गरियो ।

६. चामे गाउँपालिकाको आ.व. २०७६/२०७७ को वार्षिक कार्यक्रम अन्तर्गत पशु तथा कृषि सेवा सम्बन्धी कार्यक्रममा अनुदान समावेश कार्यक्रम सञ्चालन गर्दा गाउँपालिकालाई आय वर्ष २०७६ मा बुझाउनु पर्ने सम्पूर्ण कर बुझाएको व्यक्ति वा फर्म वा समूहलाई प्राथमिकता दिने र गाउँपालिकामा बसाई सराई नगरी बसोबास गरेका बासिन्दाको हकमा जग्गाधनीले बुझाउनु पर्ने कर बुझाएको प्रमाणका आधारमा जग्गाधनीकै नाउँबाट अनुदान समावेश कार्यक्रममा सहभागी गराउने निर्णय गरियो ।